# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०३-२०८२/०८३

समयः दिनको ११:०० बजे

मिति २०८२/०५/३०

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री कालिका तिमिल्सिना लम्साल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री शरद चौपाने (लेखा अधिकृत)

श्री कमल पौडेल (व.प्र.स)

श्री टेक बहादुर गुरुङ (का.स)

देवघाट गाउँपालिका
कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८२/०५/३०** **वैठक संख्याः ०३-२०८२/०८३**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. श्रद्धाञ्जली सम्बन्धमा।
३. Gen-Z को ज्ञापन पत्र सम्बन्धमा।
४. कार्यविधि स्वीकृत सम्बन्धमा।
५. विषम् परिस्थितिमा योजना कार्यान्वयन सम्बन्धमा।
६. प्रोत्साहन भत्ता सम्बन्धमा।
७. दशैं तिहारको सार्वजनिक विदाको दिनमा काम गर्ने कर्मचारीको भत्ता सम्बन्धमा।
८. हलुका सवारी साधन सम्झौता भङ्ग सम्बन्धमा।
९. विभिन्न घाटहरुको IEE सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा २०८२ साल भाद्र २३ र २४ गतेका दिन Gen-Z आन्दोलन एवं प्रदर्शनीको क्रममा ज्यान गुमाएकाहरुको चीर शान्तिको कामना गर्दै देवघाट गाउँपालिका परिवार भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा २०८२ साल भद्रा २७ गतेका दिन देवघाट गाउँपालिका स्थित Gen-Z समूहले यस कार्यालयमा दिएको ज्ञापन पत्रका सम्बन्धमा कार्यपालिका वैठकमा गहन छलफल भई सो सम्बन्धमा Gen-Z समूहले उठाएको विषयवस्तुका सम्बन्धमा यथासम्भव कार्यान्वयनमा लैजाने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा देवघाट गाउँपालिकाका कृषकहरुको उत्पादन तथा उत्पादकत्व प्रवर्द्धन गरी कृषकहरुको आयमा वृद्धि गर्ने एवं खाद्य पोषण सुरक्षामा टेवा पर्‍याई ग्रामीण जीविकोपर्जन तथा अर्थतन्त्रमा सुधार ल्याउने उद्देश्यले "किसानसँग अध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०८२" स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा मिति २०८२ भाद्र २३ र २४ गते Gen-Z समूहको आन्दोलनको क्रममा सिर्जित विषय परिस्थितिमा स्रोत साधनको सुनिश्चितता गरी योजना कार्यक्रम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गत रहेका बर्थिङ् सेन्टरहरुमा सुत्केरी गराए बापत नर्सिङ् कर्मचारीहरुको लागि प्रति केश रु. १,०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) को दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा यस वर्षको वडा दशैं तथा दिपावलीमा हुने सार्वजनिक विदाको दिन स्वास्थ्य संस्थामा खटिने कर्मचारीलाई दैनिक रु. १०००/- (एक हजार रुपैयाँ मात्र) का दरले भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देवघाट गाउँपालिकाको कार्यालय प्रयोजनको लागि बा. १९ च ९०७५ नं. को हलुका सवारी साधन सम्झौता गरी प्रयोगमा ल्याएकोमा मिति २०८२/०६/०१ गते देखि लागू हुने गरी सम्झौता भङ्ग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का सम्बन्धमा देवघाट गाउँपालिका अन्तर्गत कालीगण्डकी नदीको विभिन्न खण्डहरु (कोटा खण्ड, साँढेबगर खण्ड र कालीभतेरी खण्ड) को आन्तरिक आय ठेक्का प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

देवघाट गाउँपालिका
कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

तिल बहादुर थापा
अध्यक्ष